# अनुसूची - २

( दफा ४ तथा अनसूची-२ को भाग-२ सँग सम्बन्धित )


## भीरकोट राजपत्र

# भीरकोट नगरपालिकाद्धारा प्रकाशित

खण्ड ८ संख्या ९ प्रकाशन मितिः २०८२/०९/२८

भाग-२

भीरकोट नगरपालिका


## <u>भीरकोट नगरपालिकाको मेयर सम्बोधन कार्यक्रम संचालन कार्यविधि, २०८२</u>

कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०९/२४

**प्रस्तावनाः**

स्थानीय सरकार प्रति जनताको अपेक्षा र चाहानाको अभिवृद्धि सँगै जनताका आधारभुत आवश्यकता परिपूर्ति गर्नेतर्फ स्थानीय सरकारले विविध कार्यक्रम सञ्चालन गरिरहेको परिप्रेक्षमा जनताका समस्या, विकासका आवश्यकता तथा भोगिरहेका कठिनाईहरुलाई सहज, सरल, छिटो छरितो प्रभावकारी ढंगले संञ्चालन गर्न स्थानीय सरकार र जनता विचको सम्वन्ध प्रगाढ बनाउनुका साथै सरकार प्रति विश्वास अभिवृद्धि गर्न जनताको आशा र भरोसा जागृती गरी जनता र स्थानीय सरकारबीच आपसी समन्वय र सहकार्य वृद्धि गर्न भीरकोट नगरपालिकाको नगरसभाबाट मेयर सम्बोधन कार्यक्रम स्वीकृत भएकोले

सो कार्यक्रमलाई पारदर्शी तवरले संञ्चालन गरी  प्रभावकारी साथै जनतालाई प्रत्यक्ष फाईदा पुग्ने योजना तथा कार्यक्रम संञ्चालन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा १०२ तथा भीरकोट नगरपालिको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) बमोजिम भीरकोट नगरकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम भीरकोट नगरपालिकाको मेयर सम्बोधन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ रहेको छ ।

(ख) यो कार्यविधि भीरकोट नगरपालिका नगर कार्यपालिकाबाट स्वीकृत भै राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) “कार्यविधि" भन्नाले भीरकोट नगरपालिकाको मेयर सम्बोधन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ सम्झनु पर्दछ ।

(ख) "कार्यक्रम" भन्नाले भीरकोट नगरपालिकाको मेयर सम्बोधन कार्यक्रम सम्झनु पर्दछ ।

(ग) “कार्यपालिका" भन्नाले नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "प्रमुख" भन्नाले भीरकोट नगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

(ङ) "उपप्रमुख" भन्नाले भीरकोट नगरपालिकाको उपप्रमुख सम्झनु पर्दछ ।

(च) “प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भीरकोट नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(छ) "समिति" भन्नाले भीरकोट नगरपालिकाको मेयर सम्बोधन कार्यक्रम व्यवस्थापन तथा संचालन समिति सम्झनु पर्दछ ।

(ज) “उपभोक्ता समिति" भन्नाले आयोजना कार्यान्वयन स्थलका आयोजनाबाट प्रत्यक्ष लाभान्वित समुदायबाट प्रचलित कानून बमोजिम छनौट भई आयोजना सम्पन्न गर्न गठन भएको जिम्मेवार समितिलाई सम्झनु पर्दछ।

(झ) "अनुगमन समिति" भन्नाले नगर कार्यपालिकाले गठन गरेको अनुगमन समितिलाई सम्झनु पर्दछ।

(ञ)  "पूर्वाधार विकास समिति" भन्नाले नगर कार्यपालिकाले गठन गरेको पूर्वाधार विकास समितिलाई सम्झनु पर्नेछ ।

(ट)"आर्थिक विकास समिति" भन्नाले नगर कार्यपालिकाले गठन गरेको आर्थिक विकास समितिलाई सम्झनु पर्नेछ ।

(ठ)"सामाजिक विकास समिति" भन्नाले नगर कार्यपालिकाले गठन गरेको सामजिक विकास समितिलाई सम्झनु पर्नेछ ।

## परिच्छेद-२

## आयोजना संचालन गरिने क्षेत्रहरु

३. **आयोजना संचालन गरिने क्षेत्रहरुः** मेयर सम्बोधन कार्यक्रमलाई प्रभावकारी ढंगले संचालन गर्नका लागि पूर्वाधार विकास, आर्थिक विकास, सामाजिक क्षेत्र, शिक्षा तथा स्वास्थ्य, विपद व्यवस्थापन सँग सम्बन्धित तथा प्रासंगिक भएका विषय क्षेत्रलाई आधार बनाई भीरकोट नगरपालिकाले देहायका योजना/आयोजना/कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(क) पूर्वाधार विकासः नगरपालिका अर्न्तगत रहेका ग्रामिण सडक, कृषि सडक निर्माण तथा मर्मत, सामुदायिक विद्यालय भवन निर्माण तथा मर्मत, साना सिंचाई निर्माण तथा मर्मत, सार्वजनिक शौचालय निर्माण, सार्वजनिक भवन निर्माण तथा मर्मत संभार, घेरावार, रंगरोगन, खानेपानी आयोजना निर्माण तथा मर्मत, तटवन्ध आदी ।

(ख) आर्थिक विकासः कृषि, पशु, सहकारी क्षेत्रको सम्भावनाहरुलाई मध्यनजर गरी उक्त क्षेत्रको विकासका लागी व्यवसायिक कृषक/कृषक समूह/सहकारी संस्थाहरुको मागको आधारमा एकमुष्ठ अनुदान कार्यक्रममा पर्यटन क्षेत्रको पहिचान र विकासका लागी संभावित क्षेत्रमा पूर्वाधार निर्माण तथा सामाजिक साँस्कृतिक पहिचानको संरक्षण र संम्वर्द्धन गर्ने खालका आयोजनाहरु, सहकारी क्षेत्रको विकासका लागी सहकारी संस्थाको सुदृढीकरणका लागी अनुदान कार्यक्रमहरु,

(ग)सामाजिक विकास सामाजिक साँस्कृतिक पहिचानको संरक्षण र संम्वर्द्धन गर्ने खालका आयोजना तथा कार्यक्रमहरु बाल क्लव, समुह, संघ संस्था, पत्र पत्रिका, रेडियो, आमा समुह, धार्मिक क्षेत्र लगायतका क्षेत्रको विकास तथा सुदृढीकरणका लागी अनुदान कार्यक्रमहरु,

(घ) नगर प्रमुख तथा उप-प्रमुखले पहिचान गरेका पूर्वाधार विकास, आर्थिक विकास तथा सामाजिक विकास अन्तर्गत पर्ने अन्य योजना तथा कार्यक्रमहरु ।

(ङ)आर्थिक वा सामाजिक रुपले पछाडि परेको बर्गहरुको लागि बस्तुगत अनुदान ।

(च) दैवी प्रकोप वा बाढी पहिरो आदिबाट क्षति भएको संरचना मर्मत एवं पुर्नःनिर्माण ।

**४. आयोजना छनौट विधि वा प्रक्रिया :**

(क) आयोजना/कार्यक्रमका लागि बजेटको सुनिश्चतताः भीरकोट नगरपालिकाको नगर सभाबाट मेयर सम्बोधन कार्यक्रम अन्तर्गत विभिन्न शिर्षकहरुमा विनियोजन गरिएको बजेट रकम ।

(ख) आयोजना/कार्यक्रम छनौटका लागि कार्यविधिमा उल्लेखित आयोजना/कार्यक्रम संचालनका क्षेत्रहरुमा उल्लिखित विषयहरुलाई मध्यनजर गर्दै नगर प्रमुख तथा उप-प्रमुखले पहिचान गरेका, अनुगमनका क्रममा देखेका जरुरी माग सम्बन्धी निवेदन तथा अन्य आवश्यक ठानेका महत्वपूर्ण आयोजना कार्यक्रमहरु र तत्कालै सम्बोधन गर्नु पर्ने जनताका अति आवश्यक आयोजना/कार्यक्रम छनौट गरिनेछ ।

(ग) यसरी छनौट गरेका आयोजना कार्यक्रमको लागि सोही कार्यक्रममा विनियोजन गरिएको बजेटबाट दफा ६ वमोजिमको समिति तथा नगर कार्यपालिकाको वैठकवाट भएको निर्णय वमोजिम योजना/कार्यक्रममा रकम विनियोजन गरिनेछ । तर एक लाख वा एक लाखभन्दा कम लागतका आयोजना तथा कार्यक्रमका लागि सोझै नगर प्रमुखको तोक आदेशबाट नियमानुसारको प्रकृया पुरा गरी उपलब्ध गराउन सकिनेछ ।

(घ) आयोजना/कार्यक्रम कार्यान्वयन विधिः आयोजना/कार्यक्रम छनौट पश्चात पारदर्शी र प्रभावकारी रुपमा आयोजना/कार्यक्रम कार्यान्वयन गर्नका लागि आवश्यक प्रकृया अवलम्वन गरिनेछ ।

(ङ) निर्माण सम्बन्धी कार्यलाई उपभोक्ता समिति मार्फत गर्न सकिनेछ । उपभोक्ता समितिबाट कार्यक्रम कार्यान्वयन गर्दा भीरकोट नगरपालिकाले लागू गरेको स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधिका आधारमा गरिनेछ ।

(च) बस्तुगत अनुदान उपलब्ध गराउँदा सम्बन्धित शाखा वा अनुगमन समितिबाट स्थलगत अनुगमन गरी आवश्यकता र औचित्यताको आधारमा बस्तुगत सहायता उपलब्ध गराइनेछ।

**५. आयोजना/कार्यक्रमको फरफारक सम्बन्धी सूचनाः** दफा ४ बमोजिम छनौट भई दफा ५ बमोजिम कार्यान्वयन हुने योजना/कार्यक्रमको भुक्तानी देहाय अनुसार हुनेछ :

(क) उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने आयोजना/कार्यक्रमहरुको फरफारक गर्दा वडा कार्यालयबाट कार्यक्रमको सिफारिस, उपभोक्ता समितिको खर्चको सार्वजनिकिकरण तथा सार्वजनिक सुनुवाई, प्राविधिकको मूल्याङ्कन तथा कार्यसम्पन्न प्रतिवेदन, योजना/कार्यक्रमको काम गर्नु पूर्व, काम हुँदै गरेको र काम सम्पन्न भएको अवस्थाको स्पष्ट देखिने तस्विर नगरपालिकास्तरीय अनुगमन /मूल्याङ्कन समितिको सिफारिस अनिवार्य पेश गर्नुपर्नेछ ।

(ख) समूह, संघ-संस्था मार्फत संञ्चालित कार्यक्रमको फरफारक तथा रकम भुक्तानी बैंक मार्फत भुक्तानी गरिनेछ । भुक्तानी भन्दा अगाडी वडा कार्यालयबाट कार्यक्रम सम्पन्नको सिफारिस, समूहले गरेको कामको सम्बन्धमा सम्बन्धित समूहले गरेको खर्चको विवरण, प्राविधिकको मूल्याङ्कन तथा कार्यसम्पन्न प्रतिवेदन लगायत संञ्चालित योजना तथा कार्यक्रमको स्पष्ट देखिने तस्विर र कार्यविधिको दफा ७ बमोजिम गठित अनुगमन/मूल्याङ्कन समितिको सिफारिस अनिवार्य पेश गर्नुपर्नेछ ।

(ग) एकमुष्ठ अनुदान वितरण कार्यक्रमका लागि पुष्ट्याई गर्ने आवश्यक कागजात वा प्रमाण, फोटो, संस्थाको निर्णय र विल भर्पाइको आधारमा नै अनुदान रकम बैंक खाता मार्फत भुक्तानी गरिनेछ ।

(घ) लागत सहभागितबाट संञ्चालित कार्यक्रमको रकम पुष्टयाई गर्ने आवश्यक कागजात वा प्रमाण, अनुगमन मूल्याङ्कन समितिको सिफारिस, वडा कार्यालयको सिफारिस, प्राविधिक मूल्याङ्कन तथा कार्यसम्पन्न प्रतिवेदन समेतको आधारमा साधारमा बैंङ्क खाता मार्फत भुक्तानी गरिनेछ ।

## परिच्छेद-३

### <u>व्यवस्थापन, संञ्चालन तथा अनुगमन / मूल्याङ्कन समिति सम्बन्धि व्यवस्था</u>

**६. मेयर सम्बोधन कार्यक्रमसँग सम्बन्धित विषयको छनौट व्यवस्थापन तथा संञ्चालन समिति :**

(१) कार्यक्रमको छनौट व्यवस्थापन तथा संञ्चालन समिति देहाय बमोजिम रहने छ :

| | |
|---|---|
| (क) नगर प्रमुख | -अध्यक्ष |
| (ख) उप-प्रमुख | -सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (घ) सम्बन्धित विषयक्षेत्रसँग समबन्धित समितिका संयोजक | -सदस्य |
| (ग) सम्बन्धित शाखा प्रमुख | -सदस्य |
| (घ) योजना अनुगमन तथा कार्यक्रम शाखा प्रमुख | -सदस्य सचिव |

(२) कार्यविधिको दफा ६ बमोजिम गठित समितिले आवश्यकता अनुसार बैठकमा विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) बहुमत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुरा भएको मानिनेछ ।

(४) बैठकमा बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

(५) समितिको बैठक सम्बन्धि कार्यविधि आफैले निर्धारण गर्न सक्नेछ ।

(६) बैठकमा उपस्थित भए वापत विषय विज्ञलाई नियमानुसार बैठक भत्ता तथा पारवहन बापत विल अनुसारको यातायात खर्च प्रदान गरिनेछ ।

**७. अनुगमन/मूल्याङ्कनः**

मेयर सम्बोधन कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन नगरपालिकामा गठित स्थानीय अनुगमन तथा मूल्याङ्कन समितिले गर्नेछ । साथै अनुगमन समितिले गरेका कामको चौमासिक र बार्षिक प्रतिवेदन नगर कार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेछ । अनुगमन समितिले दिएका रचनात्मक सुझावलाई ग्रहण गर्दै मेयर सम्बोधन कार्यक्रमलाई बढी जनमुखी, प्रभावकारी र पारदर्शी बनाउदै अझै बढी परिस्कृत गर्दै लगिनेछ ।

## परिच्छेद-४

## विविध

**८. बचाउ तथा खारेजीः** नगरपालिकामा यस अघि मेयर सम्बोधन कार्यक्रम बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

**९. कार्यविधिको व्याख्या गर्ने वा बाधा अड्काउ फुकाउने अधिकारः** कार्यविधिको कार्यान्वयनको शिलशिलामा कुनै द्विविधा हुन गएमा सोको व्याख्या वा बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकालाई हुनेछ ।

**१०. प्रचलित कानून बमोजिम हुनेः** मेयर सम्बोधन कार्यक्रम सम्बन्धी विषयमा यस कार्यविधिमा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र अन्य कुराहरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

आज्ञाले,
लक्ष्मण लम्साल
प्रमुख प्रशासकीय अधिकृत